**Punyawati Journal**
Volume 1, 2025
ISSN: 3059-9652 (Print), 3059-9660 (Online)

# कक्षा पाँचका विद्यार्थीहरूलाई मौखिक अभिव्यक्ति सिप विकासमा प्रयुक्त प्रविधि

**दुर्गाप्रसाद दाहाल[1]***

*१. उपप्राध्यापक, महेन्द्ररत्न क्याम्पस, ताहाचल*

## सार

यो अध्ययन कक्षा पाँचका विद्यार्थीहरूको मौखिक अभिव्यक्ति सिप विकासमा के कस्ता प्रविधिहरू प्रयोग भएका छन् भन्ने विषयमा केन्द्रित रहेको छ । यस अध्ययनमा कक्षा पाँचका विद्यार्थी र शिक्षक एवम् विद्यार्थी विद्यार्थीका बिच कक्षाकोठाभित्र र कक्षाकोठाबाहिर नेपाली भाषाको प्रयोगावस्थाका साथै विद्यार्थीलाई स्वतन्त्रतापूर्वक आत्माभिव्यक्तिको अवसर र मौखिक अभिव्यक्तिलाई प्रोत्साहन गर्ने कार्यकलापको प्रयोगावस्था पत्ता लगाई मौखिक अभिव्यक्तिका क्रममा देखिने उच्चारणगत र व्याकरणिक त्रुटि निराकरणको अवस्था विश्लेषण गर्नु उद्देश्य निर्धारण गरिएको छ । यसका लागि प्रश्नावलीमार्फत् तथ्याङ्क सङ्कलन गरिएको छ । यस अध्ययनबाट कक्षाकोठाभित्र र कक्षाकोठा बाहिर दुवै परिवेशमा विद्यार्थी र शिक्षक बिच नेपालीमा कुराकानी पर्याप्त रूपमा हुने गरेको देखियो । विद्यार्थी विद्यार्थीका बिच नेपालीमा कुराकानी हुने परिवेश पनि पाइयो । शिक्षकले पाठको सारांश विद्यार्थीलाई मौखिक रूपमा भन्न लगाउने कार्यकलाप भने पर्याप्त र नियमित रूपमा हुने गरेको पाइएन । शिक्षकले विद्यार्थीहरूलाई कक्षाकोठामा नेपाली भाषा बोल्न प्रोत्साहन गरेको पाइयो । शिक्षकले विद्यार्थीलाई कुनै हिचकिचाहट नभई आफ्नो विचार र आत्माभिव्यक्ति स्वतन्त्रतापूर्वक अभिव्यक्ति गर्ने सुअवसर प्रदान गरेको पाइयो । अधिकांश शिक्षकले मौखिक अभिव्यक्तिका क्रममा गर्ने उच्चारणगत त्रुटि निराकरणका लागि तत्काल पृष्ठपोषण दिने गरेको पाइयो । विद्यार्थीले उक्त पृष्ठपोषणको उपयोग गरी आफ्नो मौखिक अभिव्यक्तिमा सुधार गर्नुपर्ने अवस्था देखियो ।

**शब्दकुञ्जी:** उच्चारणगत त्रुटि, त्रुटि निराकरण, पृष्ठपोषण, मातृभाषा, लक्ष्य भाषा, वाक्यविन्यास, व्याकरणिक त्रुटि, शब्दभण्डार, सस्वर वाचन ।

| Manuscript Received | Final Revision | Accepted |
|---|---|---|
| 9 December, 2024 | 28 January, 2025 | 18 January, 2025 |

*Corresponding author: D. Dahal (123durgadahal@gmail.com)

© Authors; Published by Punyawati Journal and peer-review under the responsibility of Indeshwor Campus.
Licensed under CREATIVE-COMMONS license CC-BY-NC 4.0

## १· विषय प्रवेश

कुनै पनि व्यक्तिले आफ्नो विचार लिखित र मौखिक रूपमा अभिव्यक्त गर्दछ। भाषाको मौखिक रूपले माध्यम सामग्रीको रूपमा ध्वनि प्रतीकलाई अपनाउँछ (श्रीवास्तव, २००८, पृ.२४) । मौखिक अर्थात् मुखबाट निक्लिएको र अभिव्यक्ति अर्थात् बोल्नु । कुनै पनि विषयमा मौखिक अभिव्यक्ति हुन सक्छ । सम्प्रेषण व्यवस्थामा जुन सरणीको प्रयोग मानव भाषामा हुन्छ त्यसको प्रकृति मूलतः मौखिक श्रव्य हुन्छ (श्रीवास्तव, १९९२, पृ.२२) । कुनै व्यक्तिले मौखिक रूपमा आफ्नो कुरालाई भन्न समर्थ हुनु नै मौखिक अभिव्यक्तिमा कुशल हुनु हो । भाषण मौखिक अभिव्यक्तिको चरम अथवा परिमार्जित रूप हो जबकि मौखिक अभिव्यक्तिका माध्यमले भाषणको विभिन्न चरणमा अधिकार स्थापित गराइन्छ। मौखिक अभिव्यक्तिलाई मान्छेका आफ्ना आवश्यकता र इच्छा व्यक्त गर्ने भाषाको सरलतम उपाय मानिन्छ (अधिकारी, २०६९, पृ.४४) । तिवारी र भाटिया (सन् १९८०) ले यसमा अधिकार पाउनका लागि भाषिक संरचनाहरूका अतिरिक्त सही उच्चारण गराउनु पहिलो आवश्यकता भनेझैँ भाषिक सिपका दृष्टिले मौखिक अभिव्यक्ति प्रक्रिया सबैभन्दा जटिल मानिन्छ किनकि एकातर्फ यसको सम्बन्ध ध्वनि व्यवस्थासँग छ भने अर्कातर्फ विचारको अभिव्यक्तिसँग रहेको छ । मौखिक अभिव्यक्तिको मुख्य क्षेत्र वार्तालाप, विचार विमर्श, वादविवाद एवम् भाषण हुन् (राठी र कुमार, २०१७, पृ. ११८) । मौखिक अभिव्यक्तिमा नेपाली भाषाका सबै ध्वनिहरूलाई अलग अलग र स्पष्ट मानक शब्दहरूमा उच्चारण गर्न सक्नु, संयुक्ताक्षर भएका शब्दहरूलाई शुद्ध उच्चारण गर्न सक्नु, बोल्दा सही बलाघात र अनुतानको प्रयोग गर्नुका साथै व्याकरणात्मक वाक्य बोल्न सक्नु, सरल विषयहरूमा आधारित सामान्य स्तरको कुराकानीमा भाग लिन सक्नु, नेपाली भाषामा सरल कथा, कविता सुनाउन सक्नु, साथीभाइ तथा अपरिचितहरूलाई नेपाली कुराकानी बुझ्न सक्नु, नेपाली भाषाको सरल संवादहरूमा अभिनयमा भाग लिन सक्नु, स्वाभाविक ढङ्गले वार्तालाप गर्ने क्षमता विकास गराउनु, तथ्यहरूलाई स्पष्ट रूपबाट प्रस्तुत गर्ने क्षमताको विकास गराउनु, मौखिक रूपले आफ्नो कुराकानीलाई प्रस्तुत गर्ने क्षमता विकास गराउनु, प्रभावोत्पादक स्वर एवम् भाषामा उत्तर दिने क्षमताको विकास गराउनु, वाक्यमा शब्दहरूलाई यथोचित स्थानमा प्रयोग गर्न सिकाउनु मौखिक अभिव्यक्ति सिपका अभीष्ट हुन् । आधारभूत शिक्षा पाठ्यक्रम, २०७६ मा कक्षा पाँचका लागि बोलाइ सिपका कक्षागत सिकाइ उपलब्धि यस प्रकार निर्धारण गरिएको छः

१. सामान्य विषयमा सोधपुछ, कुराकानी र अन्तरक्रिया गर्न
२. वस्तु, व्यक्ति, चित्र, अनुभव, स्थान र घटनाको वर्णन गर्न
३. निर्देशन पालना तथा अनुरोध गर्न
४. विषयवस्तु सुनी प्रतिक्रिया दिन
५. आफूले देखेका, सुनेका र अनुभव गरेका विषयवस्तु आफ्नै शैलीमा व्यक्त गर्न
६. कुराकानी, प्रश्नोत्तर र संवादमा सक्रियतापूर्वक भाग लिन
७. पाठगत सन्दर्भका आधारमा विषयवस्तुको बोध र तार्किक अभिव्यक्ति दिन

८. आफ्नो परिवेशमा मनाइने चाडपर्वका विषयमा जानकारी लिन र दिन

*स्रोत: आधारभूत तह, २०७६ (कक्षा ४-५) नेपाली*

मौखिक अभिव्यक्ति कुशलताको शिक्षणका क्रममा विद्यार्थीहरूमा लक्ष्य भाषाको ध्वनि व्यवस्था, शब्दभण्डार, शब्दको अर्थ तथा वाक्यसंरचनामा पर्याप्त अभ्यास गराउनुपर्छ । भाषा शिक्षणका लागि शिक्षणको सबै स्तरहरूमा मौखिक अभिव्यक्ति शिक्षण महत्वपूर्ण हुन्छ । प्रारम्भिक कक्षाहरूमा यसतर्फ अझ बढी ध्यान पुऱ्याउनुपर्छ । प्रारम्भिक कक्षामा बालकहरू सामाजिक, आर्थिक, धार्मिक तथा बौद्धिक दृष्टिले भिन्न भिन्न परिवारबाट आउँछन् । अतः पठन तथा लेखनभन्दा पूर्व विद्यार्थीहरूको शब्दभण्डार, वाक्यविन्यास तथा उच्चारण आदि यदि मौखिक अभिव्यक्तिद्वारा केही समान भए भने मानक नेपाली शिक्षणमा सुगमता हुन्छ । यसको अतिरिक्त नेपाली बाहेकका अन्य मातृभाषी विद्यार्थीहरूलाई पनि मौखिक अभिव्यक्ति सिपमा सक्षम बन्न अत्यन्त आवश्यक छ । यसका माध्यमबाट वाणीमा स्पष्टता, मधुरता, पटुता, प्रभावोत्पादकता, व्यावहारिकता आदि गुणको विकास गरी तिनीहरूलाई नेपाली भाषाको व्यवहारमा सक्षम बनाउन सकिन्छ । यहाँ कक्षा पाँचका विद्यार्थीहरूको मौखिक अभिव्यक्ति सिप विकासमा प्रयुक्त प्रविधिको अध्ययन गरिएको छ ।

## २. समस्याकथन

मौखिक अभिव्यक्तिगत कमजोरी ध्वनि, शब्द तथा वाक्य तीनै स्तरमा देख्न सकिन्छ । ध्वनि स्तरमा उच्चारण स्थान र उच्चारण प्रयत्नको ज्ञानको कमीका कारण मौखिक अभिव्यक्तिमा गल्ती हुन्छ । शब्द स्तरमा ध्वनि संयोगहरूको गलत उच्चारण, ठीक स्थानमा बलाघातको प्रयोग नगर्नाले कारण गल्ती हुन्छ । वाक्यस्तरमा मुख्य रूपमा विराम चिह्नहरूको उचित प्रयोग नगर्नाले तथा अनुतानको गलत प्रयोग गर्नाले यस प्रकारको गल्ती हुन्छ ।

मौखिक अभिव्यक्ति शिक्षणको सर्वोपयुक्त स्तर आधारभूत तह नै हो । त्यही समयमा नै समुचित शिक्षणद्वारा विद्यार्थीहरूमा मौखिक अभिव्यक्तिको बानी बनाउन सकिन्छ तर देखिन्छ कि प्राथमिक स्तरबाट उत्तीर्ण भएर आउने विद्यार्थीहरूमा पनि मौखिक अभिव्यक्तिगत कमजोरी पाइन्छ ।

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तहमा पठनबोध, श्रुतिबोध, शब्दभण्डार, लिखित अभिव्यक्ति क्षमताका विषयमा प्रशस्त शोधकार्य भएका छन् । भट्टराई (२०५९) द्वारा निम्नमाध्यमिक तह पूरा गरेका विद्यार्थीहरूको आधारभूत नेपाली शब्दावलीको अध्ययन शीर्षकमा कक्षा आठ पूरा गरेका विद्यार्थीका लागि आधारभूत पाठ्य शब्दावली पहिचान, छनोट गरिएका शब्दहरूको पदवर्गका दृष्टिले वर्गीकरण, तिनीहरूको कठिनाइ स्तरका आधारमा वर्गीकरण गर्ने जस्ता उद्देश्य राखेर अध्ययन गरिएको पाइन्छ (पृ. ५) । यस्तै गरी भण्डारी (२०६०) द्वारा प्राथमिक तह (कक्षा १-३) का विद्यार्थीहरूको आधारभूत नेपाली शब्दभण्डारको निरूपण शीर्षकमा प्राथमिक तहका विद्यार्थीहरूको आधारभूत नेपाली शब्दभण्डारका जम्मा शब्दसङ्ख्या, अपेक्षित आधारभूत शब्द सङ्ख्या निर्धारण गरी तिनलाई अक्षरसङ्ख्या, पदवर्ग र विषय क्षेत्रका दृष्टिले वर्गीकरण र विश्लेषण गर्ने उद्देश्य राखिएको छ

(पृ.२) । यसरी कक्षा पाँचका विद्यार्थीहरूलाई मौखिक अभिव्यक्ति सिप विकासमा प्रयुक्त प्रविधिको अध्ययन शीर्षकमा अध्ययन गरिएको नपाइएकाले यो अध्ययन गरिएको हो । यस अध्ययनका लागि निम्नानुसार समस्या निर्धारण गरिएको छ :

(क) विद्यार्थी र शिक्षक एवम् विद्यार्थी विद्यार्थीका बिच कक्षाकोठाभित्र र कक्षाकोठा बाहिर नेपाली भाषाको प्रयोगको अवस्था कस्तो छ ?

(ख) विद्यार्थीलाई स्वतन्त्रतापूर्वक आत्माभिव्यक्तिको अवसर र मौखिक अभिव्यक्तिलाई प्रोत्साहन गर्ने कार्यकलाप छ कि छैन ?

(ग) मौखिक अभिव्यक्तिका क्रममा देखिने उच्चारणगत र व्याकरणिक त्रुटि निराकरणको अवस्था कस्तो छ ?

## ३ उद्देश्य

यस अध्ययनका लागि निम्नानुसार उद्देश्य निर्धारण गरिएको छ :

(क) विद्यार्थी र शिक्षक एवम् विद्यार्थी विद्यार्थीका बिच कक्षाकोठाभित्र र कक्षाकोठा बाहिर नेपाली भाषाको प्रयोगका अवस्था पहिचान गर्नु

(ख) विद्यार्थीलाई स्वतन्त्रतापूर्वक आत्माभिव्यक्तिको अवसर र मौखिक अभिव्यक्तिलाई प्रोत्साहन गर्ने कार्यकलापको प्रयोगावस्था पत्ता लगाउनु र

(ग) मौखिक अभिव्यक्तिका क्रममा देखिने उच्चारणगत र व्याकरणिक त्रुटि निराकरणको अवस्था विश्लेषण गर्नु ।

## ४. औचित्य

अधिकारी (२०६९) का अनुसार वक्ता र बोद्धा बिचको हार्दिकता तथा निकटता स्थापित गर्ने कतिपय विशेषता - हाउभाउ, मुखमुद्रा, लय, आघात आदि) लेख्य भाषामा अङ्कित हुन सक्दैन (पृ.४५) । यसबाट पनि मौखिक अभिव्यक्ति सामाजिक सम्पर्कका लागि लेख्य अभिव्यक्तिभन्दा प्रभावकारी रहेको स्पष्ट हुन्छ। यस कुरालाई शुक्ल (सन् १९७५) ले यसरी प्रस्तुत गरेका छन्: सामाजिक कार्य अधिकतर मौखिक रूपमा हुन्छ। सभा, सम्मेलन, गोष्ठी इत्यादिमा मौखिक प्रकार्य नै बढी हुन्छ। भजन, कीर्तन, प्रवचन आदि मौखिक नै हुन्छ। व्यावहारिक जीवनमा विचारहरूको आदान प्रदान मौखिक हुन्छ। क्रय विक्रय, खेलकूद, ख्यालठट्टा, मनोरञ्जन आदिमा अभिव्यक्ति मौखिक हुन्छ (पृ. १२३) । मौखिक अभिव्यक्ति सिप अर्कालाई केही कुरा वा कुनै काम गर्न उक्साउने वा प्रोत्साहन गर्ने, निर्देशन दिने, उपदेश दिने अथवा कुनै कुराको विश्वास दिलाउने, आश्वासन दिने र खास जानकारीका लागि प्रश्न गर्ने वा उत्सुकता व्यक्त गर्ने आदि उद्देश्यका लागि यसको प्रशस्त उपयोग गर्न सकिन्छ (अधिकारी, २०६९, पृ.४४) । यस अध्ययनबाट पाठ्यक्रमबाट निर्धारित बोलाइ सिपगत उद्देश्य पूरा गर्नका लागि शिक्षकलाई आवश्यक प्रविधिको जानकारी हुनेछ ।

कक्षा पाँचमा अध्यापनरत नेपाली शिक्षकहरूलाई तालिम दिने व्यक्ति वा संस्थाका लागि पनि मौखिक अभिव्यक्ति सिप विकासका लागि कुन कुन पक्षमा सुधार आवश्यक छ भन्ने जानकारी प्राप्त भई ती पक्षमा सुधार गर्न यो अध्ययन उपयोगी हुनेछ ।

## ५· विधि

यो अध्ययन परिमाणात्मक ढाँचामा रहेको छ । यसमा मूलतः प्रतिशत गणना अर्थात् सामान्य साङ्ख्यिकीको मात्र प्रयोग गरिएको छ । यस अध्ययनका लागि काठमाडौँ जिल्लाका २५ ओटा विद्यालयका नेपाली शिक्षक र त्यस विद्यालयहरूमा अध्ययनरत १० जना (पाँच जना छात्र र पाँच जना छात्रा गरी) लाई नमुनाका रूपमा लिइएको छ । २५ जना शिक्षक र २५० जना विद्यार्थीलाई प्रश्नावली भराएर त्यसका आधारमा विभिन्न उपशीर्षकमा व्याख्या गरी कक्षा पाँचका विद्यार्थीहरूलाई मौखिक अभिव्यक्ति सिप विकासमा प्रयुक्त प्रविधिको अवस्था अध्ययन गरिएको छ ।

## ६· सीमा

यस अध्ययनमा काठमाडौँ जिल्लाका २५ ओटा विद्यालयका नेपाली भाषा शिक्षक र प्रत्येक विद्यालयबाट पाँच जना छात्र र पाँच जना छात्रालाई प्रश्न सोधी त्यसका आधारमा मात्र व्याख्या विश्लेषण गरिएको छ ।

## ७ सैद्धान्तिक अवधारणा

मौखिक अभिव्यक्ति शिक्षणको अर्थ विद्यार्थीलाई लक्ष्य भाषाका माध्यमबाट आफ्ना भाव विचारलाई सन्दर्भानुसार धारा प्रवाह तथा प्रभावशाली ढंगमा अभिव्यक्त गर्न सिक्नु हो । सन्दर्भानुसार शब्दहरूको चयन र त्यसको प्रयोगको कुशलताको विकास यस शिक्षणको प्रारम्भिक आवश्यकता हो । साथै लक्ष्य भाषाको व्याकरणिक संरचनाका अनुरूप शब्दहरूको विशेष क्रममा संयोजित गर्ने क्षमतालाई विकास गर्नु यस सिपको उद्देश्य हो ।

मौखिक अभिव्यक्तिमा उच्चारण, विवृति तथा अनुतानको कुशलताका साथ साथै वक्ताको मनमा उत्पन्न भावहरू त्था विचारहरूको अभिव्यक्ति पनि सामिल हुन्छ । यसको लागि अध्येय भाषाको शाब्दी, आर्थी र व्याकरणिक संरचनामा पर्याप्त अधिकार हुनु आवश्यक छ । शिक्षणका सन्दर्भमा यसलाई मौखिक अभिव्यक्तिका तीन घटकहरूको रूपमा विभाजित गर्न सकिन्छ : शाब्दी संरचना, आर्थी संरचना र व्याकरणिक संरचना ।

शाब्दी संरचनाअन्तर्गत विद्यार्थीहरूको शब्दभण्डारको विकास गरिन्छ । मुख्यतः शब्दको दुई प्रकारको हुन्छ : कोशीय शब्द र व्याकरणिक शब्द । कोशीय शब्दको सम्बन्ध बाह्य जगत् तथा मानव मनको मनोभावहरू एवम् विचारहरूसँग हुन्छ । अतः भाषा शिक्षणमा यिनको विकासको समुचित ध्यान दिन आवश्यक छ जसद्वारा विद्यार्थी भाषाको संरचना र व्यवहारमा पर्याप्त अधिकार पाउन सकून् ।

व्याकरणिक शब्दहरूमा मुख्य तथा सहायक क्रियाहरू, पूर्व प्रत्यय तथा परसर्ग, संयोजक तथा प्रश्नसूचक शब्द आदि समावेश हुन्छन् । यसको अभ्यास आवश्यक छ ।

मौखिक अभिव्यक्तिमा छात्रहरूको शब्दहरूको विकासका साथसाथै ती शब्दहरूको अर्थहरूसँग पनि परिचित गराउन आवश्यक छ । कहिले काहीँ मातृभाषा र अन्य भाषामा प्राप्त समान शब्द अर्थका दृष्टिले पूर्णतः समान हुँदैनन् । यी शब्दको सूची बनाएर त्यसको अभ्यास गराउनुका लागि विद्यार्थीहरूलाई त्यो भाषाभाषीको जनसमुदायको संस्कृतिसँग पनि परिचित गराउन आवश्यक छ ।

मौखिक अभिव्यक्ति शिक्षणका स्वरूप केवल शब्दसंरचना र अर्थसंरचनाको संयोजनबाट बन्दैन बरू व्याकरणिक संरचना अनुरूप शब्दहरूलाई वाक्यको विशेष क्रमबाट संयोजित गराउँदै विचारहरू एवम् भावहरूको अभिव्यक्ति गराउन सिकाइन्छ । अन्य भाषाका रूपमा नेपालीको व्याकरणिक संरचनाको अभ्यास गराउने समय भाषाको व्याकरणिक अनुरूप कारक, लिंग, वचन, पुरुष, काल, पक्ष, भाव, वाच्य तथा पदसङ्गति, पदक्रम आदिको प्रयोगको अभ्यास गराउन आवश्यक छ ।

## ७१· मौखिक अभिव्यक्ति सिप शिक्षणका प्रविधिहरू

प्राथमिक तहका विद्यार्थीहरूको भावाभिव्यक्तिका शक्ति, शब्दावली, अर्थबोधको क्षमता अपेक्षाकृत कम हुन्छ । अतः अतिपरिचित विषयहरू जस्तै पठित विषयहरूसँग सम्बन्धित प्रकरणहरूमा प्रश्नोत्तर एवम् कुराकानीद्वारा मौखिक अभिव्यक्तितर्फ विद्यार्थीहरूलाई प्रवृत्त गर्न सकिन्छ । यस स्तरमा वाक्यगठन एवम् सङ्क्षिप्त वर्णन, सस्वर वाचन, अन्त्याक्षरी, वार्तालाप, कहानी जीवनी, चित्र रचना आदिको सहायताबाट विद्यार्थीहरूमा मौखिक अभिव्यक्तिको कुशलताको विकास गर्न सकिन्छ ।

प्राथमिक स्तरमा मौखिक अभिव्यक्ति कुशलताको विकासका लागि व्यवहृत प्रविधिहरूमा अधिकांश माध्यमिक तहमा पनि उपयोगी सिद्ध हुन्छन् । केवल तिनको विषय सामग्री, भाषा एवम् शैलीमा उत्तरोत्तर परिष्कार एवम् गम्भीरता तथा विषय क्षेत्रमा पनि व्यापकता ल्याउन सकिन्छ । यसको अतिरिक्त निम्नलिखित प्रविधिहरू तथा साधनहरूको उपयोग पनि गर्न सकिन्छः

**(क) वार्तालापः** कुराकानी र वार्तालाप बिच रहेको अन्तर शुक्ल (सन् १९७५) मा यसरी प्रस्तुत गर्दछन् - कुराकानी सामान्य विषयमा गरिन्छ । वार्तालापको स्तर कुराकानीको अपेक्षा उच्च हुन्छ (पृ.१२७) । पाठ्य विषय पढाउँदा वा अन्य अवसरमा विद्यार्थीहरूको साथ अध्यापकको वार्तालाप मौखिक अभिव्यक्ति कौशललाई विकसित गर्नका लागि सहयोगी हुन्छ । प्रत्येक विद्यार्थीलाई वार्तालापमा भाग लिनका लागि प्रोत्साहित गर्नुपर्छ । वार्तालापका विषय विद्यार्थीको ज्ञान एवम् अनुभवको परिधिभित्र हुनुपर्छ । जस्तै : पारिवारिक वातावरणका घटनाहरू, विद्यालयमा हुने घटनाहरू, यात्रावर्णन, समाचारपत्रहरूमा पढेका प्रमुख घटनाहरू, पठित पुस्तकको रोचक प्रसङ्ग आदि । अध्यापकद्वारा विद्यार्थीहरूको सामुन्ने कुनै विषयलाई प्रस्तुत गरी कुराकानी या विचार विनिमयका लागि उचित क्रियाविधि सम्बन्धी निर्देश दिनुपर्छ र यो ध्यान राख्नुपर्छ कि विद्यार्थी विषयसँग सम्बन्धित तर्क सङ्गत वार्तालाप गरिरहेको छ कि छैन ।

**(ख) कथोपकथन र कथा**ः आधारभूत तहको कक्षा पाँचमा कथोपकथन र कथा भन्नु मौखिक अभिव्यक्तिका प्रमुख साधन हुन् । शुक्ल (सन् १९७५) का अनुसार बालकलाई कुनै कथा वा नाटकको पात्रको भूमिका दिएर उनीहरूलाई एक अर्कासँग कुराकानी गराउँदा उनीहरूले त्यस कार्यमा धेरै रूचि लिन्छन् (पृ.१२७) । यस कक्षामा प्रयोग गरिने कथा सरल, सङ्क्षिप्त र मनोरञ्जक हुनुपर्छ । कथा १५ देखि २० मिनेटको हुनुपर्छ । कथाको आरम्भ भनेर विद्यार्थीहरूबाट बाँकी कथा भन्न लगाएर वा कथाको अन्त भनेर त्यससको पूर्वांश भन्न लगाएर वा सङ्केतका रूपमा केही वाक्य या रूपरेखा दिएर कथा भन्न लगाउन सकिन्छ । कक्षा पाँचका लागि मौखिक कथा प्रतियोगिताको पनि आयोजना गर्न सकिन्छ ।

**(ग) पठन एवम् कविता पाठ**ः यस स्तरमा पठन एवम् कविता पाठ मौखिक अभिव्यक्तिको प्रधान अङ्ग हो । सस्वर पठनबाट उच्चारणको शुद्धता, ध्वनिको आरोह अवरोह, गति, विराम, प्रवाह आदिको अभ्यास हुन्छ । जुन मौखिक अभिव्यक्तिको लागि आवश्यक गुण हो । कक्षा पाँचसम्म आइपुग्दा नपुग्दै विद्यार्थीहरूको अनेक कविताहरू कण्ठस्थ हुनजान्छ । अतः विद्यालयहरूमा कविता सम्मेलन, कविता पाठ प्रतियोगिता आदि राखेर सृजनात्मक प्रतिभावाला छात्रहरूलाई मौलिक रचनाहरूलाई लेख्नु तथा साहित्यिक रूचि पैदा गर्न सकिन्छ ।

**(घ) भाषण**ः भाषणको प्रारम्भ शिक्षणको आधारभूत तहबाट गर्नुपर्छ । यसले विद्यार्थीलाई निर्भीकता, आत्मविश्वास, विषयका ज्ञान, उपस्थित श्रोताहरूको उचित रीतिसँग सम्बोधन, हाउभाउ आदिमा अभ्यस्त बनाउँछ । पाँच कक्षाका विद्यार्थीका लागि भाषणमा सीमित शब्दावलीको प्रयोगमा जोड दिए पुग्छ । विस्तारै विस्तार माथिल्ला कक्षाहरूमा अधिकाअधिक शब्दावलीको प्रयोगमा विद्यार्थीहरूको प्रोत्साहित गरिन्छ । कक्षा पाँचका विद्यार्थीहरूका लागि तीन मिनेटका समय दिएर सरल र रोचक भाषामा प्रवचनको आयोजन गर्न सकिन्छ ।

**(ङ) वादविवाद प्रतियोगिता**ः यसमा विद्यार्थी पूर्वनिर्धारित विषयहरूमा विचारहरूको आदानप्रदान गर्दछन् । यो विधिको प्रारम्भ कक्षा पाँचबाट हुन्छ । सुरुमा वादविवादको विषय दैनिक जीवनसँग सम्बन्धित हुनुपर्छ । उच्च कक्षाहरूका लागि अपनाइन्छ । यसमा प्रतिपक्षी वक्ता वा वक्ताहरूद्वारा प्रस्तुत तर्कहरूको खण्डनको लागि उसमा तत्काल उचित तर्क सोच्नु, उचित भाषाको प्रयोग गर्नुपर्छ । विद्यार्थीहरूमा यो क्षमता विकास गर्नुपर्छ कि जसद्वारा आफ्नो प्रतिपक्षीहरूद्वारा प्रस्तुत तर्कहरूका पूर्वानुमान गरी त्यसको उत्तरका लागि प्रस्तुत हुन्छन् । विद्यार्थीलाई आफ्ना भाव तथा विचारहरूलाई तार्किक क्रममा प्रस्तुत गर्नमा निपुण बनाउन वादविवाद प्रतियोगिता अत्यन्त उपयोगी हुन्छ ।

**(च) अभिनय, नाटक मञ्चन**ः अभिनय सामाजिक मनोविनोद तथा मौखिक अभिव्यक्ति दुवैको सुन्दर माध्यम हो । अभिनयका लागि सङ्क्षिप्त नाटक, एकाङ्की तथा प्रहसन अधिक उपयोगी सिद्ध हुन्छ । पाठ्यपुस्तकमा दिएका नाटकीय पाठ तथा कथामा आधारित भएर नाटकको आयोजना गर्न सकिन्छ । नाटकमा भाग लिने विद्यार्थीहरूलाई पात्रको चरित्र अनुसार उतार चढाव एवम् प्रवाहका साथ संवाद प्रस्तुत गर्नुपर्छ । अतः उचित नाटकको छनोट गरेर अध्यापकद्वारा विद्यार्थीहरूलाई नाटक मञ्चनमा पूर्ण सहयोग गर्नुपर्छ। यसबाट विद्यार्थीले लगनशीलताका साथ मौखिक अभिव्यक्तिको विविध शैलीहरूलाई सिक्ने तथा त्यसको अभ्यास गर्दछन् ।

**(छ) समाचार पठन**: कक्षा पाँचमा हप्तामा एक दिन विद्यार्थीहरूलाई समाचारपत्रमा प्रकाशित प्रमुख घटनाहरू उल्लेख गर्दै आफ्नो विचार प्रकट गर्न लगाउन सकिन्छ । यसबाट उनीहरूमा समाचार पत्र पढ्ने रूचि पनि विकसित हुन्छ तथा समाचारहरूलाई सङ्क्षेपमा भन्ने प्रयत्नबाट भाषामा उनीहरूको अधिकार पनि बढ्छ ।

## ८. व्याख्या विश्लेषण

यहाँ विद्यार्थी र शिक्षक बिच कक्षाकोठामा हुने नेपाली भाषामा कुराकानीको अवस्था, विद्यार्थी र शिक्षक बिच कक्षाकोठाबाहेक नेपाली भाषामा हुने कुराकानीको अवस्था, विद्यार्थी र विद्यार्थी बिच नेपाली भाषामा हुने कुराकानीको अवस्था, विद्यार्थीलाई पाठको सारांश मौखिक रूपमा बताउन लगाउने क्रियालापको अवस्था, विद्यार्थीलाई परस्परमा नेपाली भाषामा कुराकानी गर्न प्रोत्साहनको अवस्था, कक्षामा नेपाली भाषामा बोल्दा शिक्षकको ध्यानाकर्षणको अवस्था, स्वतन्त्रतापूर्वक आत्माभिव्यक्तिको अवसर, नेपाली मौखिक अभिव्यक्तिमा विद्यार्थीको समस्या, विद्यार्थीको उच्चारणगत त्रुटि, विद्यार्थीको नेपाली भाषाको मौखिक अभिव्यक्तिमा व्याकरणिक त्रुटि र त्रुटि निराकरणका लागि शिक्षकको पृष्ठपोषणको अवस्थाका आधारमा व्याख्या विश्लेषण गरिएको छ ।

**(क) विद्यार्थी र शिक्षक बिच कक्षाकोठामा हुने नेपाली भाषामा कुराकानीको अवस्था**: आरम्भिक कक्षामा बालकसँग उनीहरूको दिनचर्याका विषयमा कुराकानी गर्नुपर्छ (शुक्ल, सन् १९७५, पृ.१२५) । कक्षामा विद्यार्थी र शिक्षक बिचको नेपालीमा कुराकानीको अवस्थाका सम्बन्धमा शिक्षक र विद्यार्थीबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या १: विद्यार्थी र शिक्षक बिच कक्षामा हुने कुराकानीको अवस्थाका सम्बन्धमा शिक्षक तथा विद्यार्थीहरूबाट प्राप्त उत्तरको विवरण**

| प्रश्न | उत्तरदाता | हुन्छ | कहिलेकाहीँ | हुँदैन |
|---|---|---|---|---|
| कक्षामा शिक्षकले विद्यार्थीसँग नेपालीमा कुराकानी हुन्छ ? | शिक्षक | १९(७६%) | ६(२४%) | ०(०%) |
| | विद्यार्थी | १७०(६८%) | ७० (२८%) | १०(४%) |

*स्रोत: स्थलगत अध्ययन, २०८०*

माथिको प्रश्न कक्षामा विद्यार्थीहरूका साथ शिक्षकहरूको नेपालीमा कुराकानीसँग सम्बन्धित छ, जसको उत्तरमा ७६% शिक्षक तथा ६८% विद्यार्थी कक्षामा शिक्षकले विद्यार्थीहरूसँग परिचित वस्तु, कार्य, घटनाहरू र अनुभव आदिका विषयमा नेपालीमा कुराकानी हुने स्वीकार गर्दछन् । यसले गर्दा विद्यार्थीहरूमा सरल भाषामा आफ्ना विचार व्यक्त गर्ने क्षमताका साथै आफ्ना अनुभवलाई (देखेका, दृश्य, वस्तु, घटनाहरूलाई) आफ्ना शब्दमा व्यक्त गर्ने योग्यता, भावानुकूल आरोह अवरोहका साथ

वार्तालाप गर्ने क्षमताका साथै शब्दभण्डार वृद्धि गर्न मदत गर्नुका साथै शिष्ट भाषा प्रयोगमा समेत प्रोत्साहन हुन्छ ।

**(ख) विद्यार्थी र शिक्षक बिच कक्षाकोठाबाहेक नेपाली भाषामा हुने कुराकानीको अवस्था:** कक्षाकोठा बाहेक विद्यार्थी र शिक्षक बिचको नेपाली भाषामा हुने कुराकानीको अवस्थाका सम्बन्धमा शिक्षक र विद्यार्थीबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या २: विद्यार्थी र शिक्षक बिच कक्षाकोठाबाहेक नेपाली भाषामा हुने कुराकानीको अवस्थाका सम्बन्धमा शिक्षक तथा विद्यार्थीहरूबाट प्राप्त उत्तरको विवरण**

| प्रश्न | उत्तरदाता | हुन्छ | कहिलेकाहीँ | हुँदैन |
|---|---|---|---|---|
| कक्षाबाहेक बाहिर शिक्षकले विद्यार्थीसँग नेपालीमा कुराकानी गर्नुहुन्छ ? | शिक्षक | १५ (६०%) | ९ (३९%) | १ (२%) |
| | विद्यार्थी | १२० (४८%) | १०० (४० %) | ३० (१२%) |

*स्रोत: स्थलगत अध्ययन, २०८०*

कक्षाको बाहिर विद्यार्थीहरूका साथ शिक्षकले नेपालीमा कुराकानी गर्दछन् भन्ने उत्तरमा ६०% शिक्षक एवम् ४८% विद्यार्थीले मान्दछन् कि शिक्षकले विद्यार्थीका साथ कक्षाबाहिर पनि नेपालीमा कुराकानी गर्छन् । यस्तो कुराकानी बनावटीपूर्ण हुँदैन । यस किसिमको कुराकानी अनौपचारिक हुने भएकाले विद्यार्थीले शिक्षकसँग हृदय खोलेर कुरा गर्ने क्षमता विकास हुन्छ । यहाँ शिक्षकहरूको प्रतिशत बढी छ र ४८% विद्यार्थीहरूले पनि यसको पुष्टि गरेका छन् । तर ४०% विद्यार्थीले स्वीकार गरेका छन् कि शिक्षकले कक्षाबाहिर विद्यार्थीहरूसँग कहिलेकाहीँ मात्र नेपालीमा कुराकानी गर्छन् । यसबाट यो स्पष्ट हुन्छ कि विद्यार्थीहरूलाई विद्यालयीय परिवेशमा नेपाली बोल्ने र सुन्ने अवसर कम प्राप्त हुन्छ ।

**(ग) विद्यार्थी र विद्यार्थी बिच नेपाली भाषामा हुने कुराकानीको अवस्था:** औपचारिक शिक्षणमा अर्थात् कक्षा शिक्षणमा अध्येता भाषामा बोल्ने बाध्यता छ, तर कक्षाबाहिर तथा विद्यार्थीहरूको परस्पर कुराकानीका सन्दर्भमा नेपाली भाषाका अतिरिक्त अन्य भाषालाई प्राथमिकता दिन्छन् । नेपाली विषय पढ्नु एउटा कुरा हो र नेपाली भाषाको भाषिक वातावरणमा रहनु र नेपालीमा कुराकानी गर्नु अर्को कुरा हो । अक्सर नेपालका नेपाली मातृभाषाबाहेकका विद्यार्थीहरूले नेपाली विषयमा कुनै प्रकारले अङ्क त प्राप्त गर्दछन् तर औपचारिक शिक्षाबाट हटनासाथ उनका अध्येय भाषामा अधिकार जमाउन सक्दैनन्, उनीहरू शब्दावलीमा सीमित हुन्छन् । उनीहरूले नयाँ परिस्थितिहरूमा नयाँ वाक्यको निर्माण गर्न जान्दैनन् । यही स्थिति नेपालका नेपाली इतर मातृभाषी विद्यार्थीहरूको पनि छ । जो नेपालीलाई पढ्ने र लेख्ने भाषा मात्र सम्झन्छन् ।

विद्यार्थी विद्यार्थी बिचको कुराकानीले स्वाभाविकता, आत्मीयता र उनीहरूमा निर्भीकताका साथै शुद्ध भाषिक प्रयोगमा अभ्यस्त बन्न जान्छन् । विद्यार्थी र विद्यार्थी बिचको नेपालीमा कुराकानीको अवस्थाका सम्बन्धमा शिक्षक र विद्यार्थीबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तलिका सङ्ख्या ३: विद्यार्थी र विद्यार्थीका बिच नेपालीमा हुने कुराकानीको अवस्थाका सम्बन्धमा शिक्षक तथा विद्यार्थीहरूबाट प्राप्त उत्तरको विवरण**

| प्रश्न | उत्तरदाता | हुन्छ | कहिलेकाहीँ | हुँदैन |
|---|---|---|---|---|
| कक्षामा विद्यार्थीले आफ्ना सहपाठीहरूका साथ नेपाली भाषामा कुराकानी गर्छन् ? | शिक्षक | १९ (७६%) | ५ (२०%) | १ (४%) |
| | विद्यार्थी | ४८ (१९.२%) | १५० (६०%) | ५२ (२०.८%) |

*स्रोतः स्थलगत अध्ययन, २०८०*

विद्यार्थीहरू एक आपसमा नेपाली भाषामा कुराकानी गर्ने कतिको अवसर प्राप्त हुन्छ भन्ने प्रश्नको उत्तरमा ७६% शिक्षकहरूले विद्याथीहरूले एक आपसमा नेपालीमा कुराकानी गर्ने अवसर प्राप्त हुन्छ भनी स्वीकारेका छन् । तर ६०% विद्यार्थीहरूले मात्र उनीहरू कहिलेकाहीँ नेपालीमा कुराकानी गर्दछन् भनेर भनेका छन् ।

**(घ) विद्यार्थीलाई पाठको सारांश मौखिक रूपमा बताउन लगाउने क्रियालापको अवस्थाः** कक्षामा शिक्षकले पाठको सारांश मौखिक रूपमा बताउन लगाउने क्रियाकलाप कतिको सञ्चालन गर्दछन भन्ने विषयमा शिक्षक र विद्यार्थीबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या ४: विद्यार्थीलाई पाठको सारांश मौखिक रूपमा बताउन लगाउने क्रियाकलापका सम्बन्धमा शिक्षक र विद्यार्थीहरूबाट प्राप्त उत्तरको विवरण**

| प्रश्न | उत्तरदाता | हुन्छ | कहिलेकाहीँ | हुँदैन |
|---|---|---|---|---|
| शिक्षकले गद्यांश वा पद्यांशकको सारांश विद्यार्थीहरूलाई मौखिक रूपमा सोध्छन् ? | शिक्षक | १८ (७२%) | ६ (२४%) | १ (४%) |
| | विद्यार्थी | ५० (२०%) | १६० (६४%) | ४० (१६%) |

*स्रोतः स्थलगत अध्ययन, २०८०*

कक्षा शिक्षणमा विद्यार्थीहरूलाई गद्यांश वा पद्यांशको सारांश मौखिक रूपबाट सोधिन्छ कि सोधिँदैन भन्ने कुरासँग सम्बन्धित प्रश्नको उत्तरमा ७२% शिक्षकहरूले कक्षामा पढाएका विषयवस्तुलाई विद्यार्थीहरूसँग मौखिक रूपबाट सारांश बताउन लगाउने कुरा बताएका छन् भने ६४% विद्यार्थीहरूले शिक्षकद्वारा कहिलेकाहीँ मात्र गद्यांश वा पद्यांशको सारांशलाई मौखिक रूपबाट सुन्ने कुरा स्वीकार गरेका छन् ।

**(ङ) विद्यार्थीलाई परस्परमा नेपाली भाषामा कुराकानी गर्न प्रोत्साहनको अवस्था**ः विद्यार्थीलाई परस्परमा नेपाली भाषामा कुराकानी गर्न प्रोत्साहनका सम्बन्धमा शिक्षक र विद्यार्थीबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या ५ः विद्यार्थीलाई परस्परमा नेपाली भाषामा कुराकानी गर्न प्रोत्साहनका सम्बन्धमा शिक्षक तथा विद्यार्थीहरूबाट प्राप्त उत्तरको विवरण**

| प्रश्न | उत्तरदाता | हुन्छ | कहिलेकाहीँ | हुँदैन |
|---|---|---|---|---|
| शिक्षकले विद्यार्थीलाई परस्पर नेपालीमा कुराकानी गर्नका लागि प्रोत्साहित गर्दछन् ? | शिक्षक | १७ (६८ %) | ८(३२ %) | ०(०%) |
| | विद्यार्थी | १४५ (५८%) | ७० (२८%) | ३५ (१४%) |

*स्रोतः स्थलगत अध्ययन, २०८०*

शिक्षकहरूको विद्यार्थीलाई परस्परमा नेपालीमा बोल्नका लागि प्रोत्साहन गरिएको छ भन्ने प्रश्नमा ६८% शिक्षक एवम् ५८% विद्यार्थीले शिक्षकले विद्यार्थीहरूलाई नेपाली भाषामा बोल्नका लागि प्रोत्साहित गरेको कुरा स्वीकार गरेका छन् ।

**(च) कक्षामा नेपाली भाषामा बोल्दा शिक्षकको ध्यानाकर्षणको अवस्था**ः कक्षामा नेपाली भाषामा बोल्दा शिक्षकले ध्यानपूर्वक सुन्छन कि सुन्दैनन् भन्ने सम्बन्धमा शिक्षक र विद्यार्थीबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका सङ्ख्या ६ः कक्षामा नेपाली भाषामा बोल्दा शिक्षकको ध्यानाकर्षणका सम्बन्धमा शिक्षक तथा विद्यार्थीहरूबाट प्राप्त उत्तरको विवरण

| प्रश्न | उत्तरदाता | हुन्छ | कहिलेकाहीँ | हुँदैन |
|---|---|---|---|---|
| कक्षामा विद्यार्थीले नेपाली बोल्दा शिक्षकले उसको कुरालाई ध्यानपूर्वक सुन्छन् ? | शिक्षक | १९ (७६%) | ४ (१८%) | २(६%) |
| | विद्यार्थी | १६० (६४%) | ७० (२८%) | २०(८%) |

*स्रोतः स्थलगत अध्ययन, २०८०*

अधिकतम ७६% शिक्षक तथा ६४% विद्यार्थीले कक्षामा विद्यार्थीले नेपाली भाषामा बोल्दा शिक्षकले विद्यार्थीको कुरा ध्यानपूर्वक नै सुन्ने गरेको स्वीकार गरेका छन् ।

माथिको अध्ययनका आधारमा शिक्षकहरू र विद्यार्थीहरूको राम्रो सम्बन्ध रहेको छ । कुनै पनि भाषा सिक्नका लागि शिक्षकको प्रोत्साहन धेरै आवश्यक छ । यस्तो गर्नाले विद्यार्थी स्वतः त्यो भाषाको प्रयोग अधिकाधिक गर्दछन् । त्यस भाषामा आफ्ना कुरा भन्नमा पनि सक्षम हुन्छन् । यसका विपरीत शिक्षकले ध्यानपूर्वक नसुन्नाले शब्द शब्दमा जिस्काइदिनाले विद्यार्थीले आफूलाई अपमानित महसूस गर्दछ र त्यो भाषा बोल्न डराउँछ । फलस्वरूप सङ्कोचका कारण उसको अभिव्यक्ति हुन पाउँदैन र ऊ त्यो भाषाको प्रयोग कुशलतापूर्वक गर्न सक्दैन ।

**(छ) स्वतन्त्रतापूर्वक आत्माभिव्यक्तिको अवसर**: मौखिक कार्यको उद्देश्य बालकलाई शुद्ध बोल्न सिकाउनु हो त्यसले ऊ आफ्ना विचार सरल, रूचिपूर्ण एवम् स्पष्टतापूर्वक अर्का सामु राख्न सकोस् (लहरी, सन् १९६६, पृ. ५२) । विद्यार्थीलाई स्वतन्त्रतापूर्वक आत्माभिव्यक्तिको अवसर उपलब्ध गराउनु भएको छ भनेर शिक्षकलाई सोधिएको प्रश्नबाट प्राप्त विवरण निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या ७: विद्यार्थीलाई स्वतन्त्रतापूर्वक आत्माभिव्यक्तिको अवसरको अवस्था**

| प्रश्न | उत्तरदाता | हुन्छ | कहिलेकाहीँ | हुँदैन |
|---|---|---|---|---|
| तपाईंले विद्यार्थीलाई स्वतन्त्रतापूर्वक आत्माभिव्यक्तिको अवसर दिनुहुन्छ ? | शिक्षक | १९ (७६%) | ६ (२४%) | ० (0%) |

*स्रोत: स्थलगत अध्ययन, २०८०*

तपाईंले विद्यार्थीहरूलाई स्वतन्त्र आत्माभिव्यक्तिको अवसर प्रदान गर्नुभएको छ भनी सोध्दा ७६% शिक्षकहरूले आफ्ना विद्यार्थीहरूलाई स्वतन्त्र आत्माभिव्यक्तिको अवसर प्रदान गरेको बताएका छन् । यसले लहरी ( सन् १९६६) ले पृ. ५३ मा भनेझैँ बालकलाई आत्माभिव्यक्तिको अवसर पाएमा उसमा हिचकिचाहट उत्पन्न नै हुँदैन यदि उत्पन्न भएमा पनि त्यो तुरुन्तै हट्छ। यसरी विद्यार्थीको सङ्कोचलाई अन्त्य गरी आफ्नो विचार बिना हिचकिचाहट अरूका सामु प्रस्तुत गर्ने क्षमता विकास गराउन आत्माभिव्यक्तिको अवसर प्रदान गर्नु उपयुक्त हुन्छ ।

**(ज) नेपाली मौखिक अभिव्यक्तिमा विद्यार्थीको समस्या**: विद्यार्थीलाई नेपाली भाषाको मौखिक अभिव्यक्ति गर्दा समस्या हुन्छ भनेर सोधिएको प्रश्नबाट प्राप्त विवरण निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या ८: विद्यार्थीलाई नेपाली भाषाको मौखिक अभिव्यक्तिमा पर्ने समस्याको अवस्था**

| प्रश्न | उत्तरदाता | हुन्छ | कहिलेकाहीँ | हुँदैन |
|---|---|---|---|---|
| तपाईंका विद्यार्थीलाई नेपाली भाषामा बोल्नका लागि समस्या हुन्छ ? | शिक्षक | ७ (२८%) | १४ (५६%) | ४ (१६%) |

*स्रोत: स्थलगत अध्ययन, २०८०*

अधिकतम ५६% शिक्षकले आफ्ना विद्यार्थीहरूलाई नेपाली भाषाको मौखिक अभिव्यक्तिका क्रममा कहिलेकाहीँ समस्या हुन्छ भन्ने कुरा स्वीकार गरेका छन् । १६% शिक्षकले मात्र आफ्ना विद्यार्थीहरूलाई नेपाली भाषाको मौखिक अभिव्यक्तिमा कुनै प्रकारको समस्या नभएको बताएका छन् ।

**(झ) विद्यार्थीको उच्चारणगत त्रुटि**: उच्चारणको अर्थ हो लक्ष्य भाषाका ध्वनिहरूलाई शुद्ध तथा स्पष्ट उच्चारण गर्नु हो । उच्चारण शिक्षणमा यो ध्यान दिइन्छ कि विद्यार्थीले लक्ष्य भाषाको ध्वनि व्यवस्था

अनुरूप शब्दहरूको उच्चारण गर्न सिकोस् । ध्वनि संयोगहरूको उच्चारणमा ध्वनिहरूको स्पष्ट उच्चारण गर्न सिकोस् । साथै अनुतान, बलाघात आदिको प्रयोग पनि पर्याप्त रूपमा सिकोस् । मातृभाषामा अनुकरण एवम् सहज प्रयोगद्वारा शुद्ध उच्चारणको आदत विकसित हुन जान्छ तर अन्य भाषा सिक्ने तथा सिकाउने प्रक्रियामा यो अत्यन्त कठिन कार्य हो जसलाई सप्रयास सिकिन्छ । बोलाइ (वाचन) मा ध्वनिहरूको उच्चारण, मुखर अभिव्यञ्जना, शब्दावली तथा त्यसको सन्दर्भगत अर्थको अभ्यासलाई लिइन्छ (भाटिया र तिवारी, सन् १९८०, पृ.३२) । घर, परिवार, अध्यापकको असावधानी, भय, सङ्कोचका साथै उच्चारण अवस्थाको विकृतिका कारण उच्चारणगत त्रुटि हुने गर्छ । मौखिक अभिव्यक्तिले राठी र कुमार (सन् २०१७-१८) ले भनेझैं विद्यार्थीहरूको स्पष्ट अक्षरोच्चारण, शुद्ध शब्दोच्चारण, उचित ध्वनि निर्गम, बल, प्रवाह र उचित शैलीका साथ बोल्नमा निपुण बनाउनु पर्छ ( पृ. ११९) । विद्यार्थीले मौखिक नेपाली अभिव्यक्ति गर्दा उच्चारणगत त्रुटि गर्छन भनेर सोधिएको प्रश्नबाट प्राप्त विवरण निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या ९: विद्यार्थीले नेपाली भाषाको मौखिक अभिव्यक्तिमा गर्ने त्रुटिको पूर्वानुमान**

| प्रश्न | उत्तरदाता | हुन्छ | कहिलेकाहीँ | हुँदैन |
|---|---|---|---|---|
| विद्यार्थीको बोलाइमा उच्चारणगत त्रुटि हुन्छ ? | शिक्षक | १० (४०%) | १० (४०%) | ५ (२०%) |

*स्रोतः स्थलगत अध्ययन, २०८०*

उच्चारण त्रुटिका सन्दर्भमा ४०% शिक्षक उनीहरूका विद्यार्थीहरूले सधैँ उच्चारणगत त्रुटि गर्छन् भनेर भन्छन् भने ४०% शिक्षक आफ्ना विद्यार्थीहरूले यस्तो त्रुटि कहिलेकाहिँ गर्दछन् भनेर भन्छन् । २०% शिक्षकले आफ्ना विद्यार्थीहरूले मौखिक अभिव्यक्तिका क्रममा कुनै त्रुटि नगर्ने गरेको बताएका छन् ।

**(त्र) विद्यार्थीले नेपाली भाषाको मौखिक अभिव्यक्तिमा गर्ने व्याकरणिक त्रुटि**: विद्यार्थीले मौखिक नेपाली अभिव्यक्ति गर्दा व्याकरणगत त्रुटि गर्छन भनेर शिक्षकलाई सोधिएको प्रश्नबाट प्राप्त विवरण निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या १०: विद्यार्थीले नेपाली भाषाको मौखिक अभिव्यक्तिमा गर्ने व्याकरणिक त्रुटिको पूर्वानुमान**

| प्रश्न | उत्तरदाता | हुन्छ | कहिलेकाहीँ | हुँदैन |
|---|---|---|---|---|
| विद्यार्थीले बोल्दा व्याकरणिक त्रुटि गर्छन् ? | शिक्षक | ४ (१६%) | १३ (५२%) | ८ (३२%) |

*स्रोतः स्थलगत अध्ययन, २०८०*

जम्मा १६% शिक्षकहरूले विद्यार्थीले बोल्दा सधैँ व्याकरणिक त्रुटि गर्छन् भनेका छन् भने ५२% शिक्षक उनीहरूका विद्यार्थीहरूले मौखिक अभिव्यक्तिका क्रममा कहिल्यै पनि व्याकरणिक त्रुटि नगर्ने बताउँछन् ।

**(ट) त्रुटि निराकरणका लागि शिक्षकको पृष्ठपोषणको अवस्था:** विद्यार्थीले नेपाली भाषाको मौखिक अभिव्यक्ति गर्दा देखिएका त्रुटि निराकरण गर्नका लागि तपाईंको भूमिका कस्तो छ भनेर शिक्षकलाई सोधिएको प्रश्नबाट प्राप्त विवरण निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ:

**तालिका सङ्ख्या ११: नेपाली भाषाको मौखिक अभिव्यक्तिमा विद्यार्थीको त्रुटि निराकरणका लागि पृष्ठपोषणको अवस्था**

| प्रश्न | उत्तरदाता | हुन्छ | कहिलेकाहीँ | हुँदैन |
|---|---|---|---|---|
| विद्यार्थीहरूले अशुद्ध बोलेका खण्डमा तपाईं तिनीहरूको त्रुटिलाई तत्काल सुधार गर्नुहुन्छ ? | शिक्षक | २० (८०%) | ३ (१२%) | २ (८%) |

*स्रोत: स्थलगत अध्ययन, २०८०*

विद्यार्थीले गल्ती गर्नासाथ शिक्षकका दुई किसिमका प्रतिक्रियाहरू हुन्छन् । पहिले प्रतिक्रियाका रूपमा अक्सर विद्यार्थीलाई हप्काइन्छ अथवा उनीहरूको उत्तर काटिदिइन्छ , जसको असर विद्यार्थीहरूमा ज्यादै नकारात्मक हुन्छ र विस्तारै विस्तारै उसले मान्न लाग्छ कि उसलाई त बोल्न नै आउँदैन । ८०% शिक्षकहरूले स्वीकार गरेका छन् कि उनीहरूद्वारा विद्यार्थीहरूको बोलाइ सम्बन्धी त्रुटि हुन गएमा उनीहरूलाई हप्काउनु हुँदैन जसले विद्यार्थीको आत्मविश्वासलाई कमजोर बनाउँछ बरू तिनीहरूको गल्ती औँल्याएर त्यही समयमा सुधार गरिदिनुपर्छ जसले विद्यार्थीको आत्मविश्वास बढ्छ र उनीहरू आफ्नो त्रुटिप्रति सजग हुन्छन् तथा त्यसलाई उनीहरूले फेरि दोहोऱ्याउँदैनन् ।

## ९. निष्कर्ष

यस अध्ययनको निष्कर्षलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

(क) विद्यालयीय परिवेश वा कक्षामा विद्यार्थीहरूलाई नेपाली बोल्ने र सुन्नेका अवसर आंशिक देखिएको छ । यसलाई बढाएर विद्यार्थीहरूका लागि बढीभन्दा बढी अवसर सिर्जना गर्नुपर्छ ।

(ख) कक्षा पाँचका विद्यार्थीहरूले नेपालीमा कुराकानी गर्दा विद्यार्थीहरूलाई शिक्षकले प्रोत्साहित गरेको देखिन्छ । यसलाई अझ सुधार गरेमा विद्यार्थीहरूको मौखिक अभिव्यक्ति कौशलमा सुधार आउनेछ ।

(ग) कक्षा पाँचका विद्यार्थीका मौखिक अभिव्यक्तिसम्बन्धी गल्तीहरूलाई अधिकांश शिक्षकले तत्काल सुधार गर्ने गरेको देखिन्छ । अरू शिक्षकमा पनि यस प्रकारको सोच विकास भएमा विद्यार्थीले आफ्नो गल्तीहरूप्रति सजग भई मौखिक अभिव्यक्तिमा सशक्त बन्न सक्नेछन् ।

## सन्दर्भ सूची

अधिकारी, हेमाङ्गराज (२०६९), नेपाली भाषा शिक्षण, विद्यार्थी पुस्तक भण्डार ।

तिवारी, भोलानाथ र भाटिया, कैलाशचन्द्र (सन् १९९०), हिन्दी भाषा शिक्षण, लिपि प्रकाशन ।

पाठ्यक्रम विकास केन्द्र (२०७८), आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा४-५), पाठ्यक्रम विकास केन्द्र ।

भट्टराई, रामप्रसाद (२०५९), निम्न माध्यमिक तह पूरा गरेका विद्यार्थीहरूको आधारभूत नेपाली शब्दावलीको अध्ययन, [अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध], त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

भण्डारी, पारसमणि (२०६०), प्राथमिक तह (कक्षा १-३) का विद्यार्थीहरूको आधारभूत नेपाली शब्दभण्डारको निरूपण, [अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध], त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

राठी, पी. के. र कुमार, राजेश (सन् २०१७-१८) हिन्दी भाषाा मेँ प्रवीणता, ठाकुर पब्लिसर्स ।

रेड्डी, विजयराघव (सन् १९९८), हिन्दी शिक्षण और भाषा विश्लेषण, साहित्य सहकार ।

श्रीवास्तव, रवीन्द्रनाथ (सन् २००८), हिन्दी भाषा : संरचना के विविध आयाम, राधाकृष्ण प्रकाशन प्रा. लि. ।

श्रीवास्तव, रवीन्द्रनाथ (सन् १९९२), भाषा शिक्षण, वाणी प्रकाशन ।

शुक्ल, रमापति (सन् १९७५), हिन्दी शिक्षण की प्रविधि, दोआबा हाउस ।

साठे, गजानन नरसिंह (सन् १९७१), राष्ट्रभाषा का अध्यापन, महाराष्ट्र राष्ट्रभाषा सभा ।